## कम्पनी र वितरक बीचको सम्झौता पत्र

नेपाल सरकार कम्पनी रजिस्ट्रारको कार्यालयमा मिति २०८२ जेठ १८ मा दर्ता भई काठमाडौं महानगरपालिका वडा नं. ३२, जडीबुटीमा कार्यालय रहेको नेचर वेलनेस प्रा. लि. (यसपछि "प्रथम पक्ष" भनिनेछ)

तथा

श्री/श्रीमती ____________________, नाति/नातिनी ____________________ का छोरा/छोरी ____________________, जिल्ला __________, पालिका _______________, वडा नं. ________निवासी, उमेर _______वर्ष (यसपछि "दोस्रो पक्ष" भनिनेछ)

हामी दुई पक्षबीच तल उल्लेखित शर्तहरू पालना गर्ने, काम कर्तव्य र अधिकार पूर्ण रूपमा जिम्मेवारी वहन गर्ने तथा सेवा सुविधा दिने/पाउने गरी आपसी सहमतिका साथ वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने ऐन, २०७४ को दफा १४ एवं वस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने नियमावली, २०७६ को नियम ९) बमोजिम यो सम्झौता पत्रको ३ प्रति तयार गरी सही छाप गरी १ प्रति वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा समेत बुझाउने गरी दुबै पक्षले १/१ प्रति बुझी लिएका छौं।

**उल्लेखित शर्तहरू**

**१. आवश्यक कागजातहरू**

दोस्रो पक्षले देहायका कागजातहरू प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (१८ वर्ष पूरा भएको)
- हालसालै खिचिएको पासपोर्ट साइज फोटो – २ प्रति
- स्थायी ठेगाना
- मोबाइल नम्बर
- इमेल ठेगाना
- कमीशन वितरणको लागि बैंक विवरणहरू
- कर कटौती को लागि पेन कार्ड

**२. प्रथम पक्षको कर्तव्य, अधिकार तथा जिम्मेवारी**

- सम्झौतामा उल्लिखित शर्तहरू तथा प्रत्यक्ष बिक्री सम्बन्धी ऐन २०७४ र नियमावली २०७६ अनुसार विभिन्न तालिम प्रदान गर्ने
- माग अनुसार वस्तु समयमै उपलब्ध गराउने
- वस्तुको मूल्य र विवरण स्पष्ट रूपमा देखाउने
- बजार योजना अनुसार प्रोत्साहन उपलब्ध गराउन सक्ने
- बिक्रीको आधारमा कमिसन तथा अन्य लाभ उपलब्ध गराउने
- आधिकारिक परिचय पत्र उपलब्ध गराउने

**३. दोस्रो पक्षको कर्तव्य, अधिकार तथा जिम्मेवारी**

- कम्पनीसँग सहकार्य गरी नियमअनुसार कार्य गर्ने
- कम्पनीबाट स्वीकृत वस्तु मात्र बिक्री गर्ने
- ग्राहकलाई सही जानकारी दिने
- कुनै पनि प्रकारको भ्रम सिर्जना नगर्ने
- वस्तु नदिई पैसा नलिने

- अनधिकृत रूपमा अन्य व्यक्तिलाई नियुक्त नगर्ने
- बजार प्रवर्द्धन तथा बिक्री कार्य गर्ने
- समान प्रकृतिको अन्य कम्पनीसंग संलग्न रही व्यापार प्रबर्द्धन जस्ता कार्यहरु गर्न नपाइने

**४. कानुनी दायित्व**

- गैरकानुनी कार्य गरेमा जिम्मेवार हुने
- कम्पनीको नाम दुरुपयोग नगर्ने
- वस्तुको मूल्य बाहेक अन्य रकम नलिने
- उल्लंघन भएमा कानुनी कारबाही हुने

**५. वस्तु फिर्ता**

उपभोक्ता सन्तुष्ट नभएमा ३० दिनभित्र वस्तु फिर्ता गर्न सकिनेछ।

**६. सम्झौता अन्त्य**

- ३५ दिन अगावै सूचना दिई सम्झौता अन्त्य गर्न सकिने
- नियम उल्लंघन भएमा तुरुन्त समाप्त गर्न सकिने
- भुक्तानी नगरेमा सम्झौता रद्द हुने

**७. विवाद समाधान**

- आपसी सहमतिबाट समाधान गर्ने
- आवश्यक परे विभागमार्फत समाधान गर्ने
- अन्तिम निर्णय विभागको हुनेछ

**८. अन्य व्यवस्था**

- कर कानुन अनुसार कट्टा हुनेछ
- दोस्रो पक्षले कम्पनीको प्रतिनिधित्व गर्नेछ
- यो सम्झौताले रोजगारी सम्बन्ध सिर्जना गर्दैन
- क्षति भएमा जिम्मेवारी सम्बन्धित पक्षको हुनेछ
- संशोधन लिखित सहमतिमा मात्र हुनेछ

**हस्ताक्षर**

प्रथम पक्ष: नेचर वेलनेस प्रा. लि.
दोस्रो पक्ष: ____________________

मिति: __________

**AGREEMENT BETWEEN COMPANY AND DISTRIBUTOR**

This Agreement is entered into between:

**Nature Wellness Pvt. Ltd.**, a company registered with the Office of the Company Registrar, Government of Nepal, on 18 Jestha 2082, having its registered office at Ward No. 32, Jadibuti, Kathmandu Metropolitan City (hereinafter referred to as the "First Party");

AND

Mr./Mrs. ____________________, son/daughter of ____________________, grandson/granddaughter of ____________________, resident of District __________, Municipality __________, Ward No. __________, age __________ years (hereinafter referred to as the "Second Party"),

Subject to the following terms and conditions, we, the two parties, by mutual consent, agree to comply with the terms and conditions mentioned below, and to fully undertake our respective duties, responsibilities, and rights, and to provide and receive services accordingly. In accordance with Section 14 of the Direct Selling (Management and Regulation) Act, 2074 and Rule 9 of the Direct Selling (Management and Regulation) Rules, 2076.
This Agreement has been prepared in three copies, duly signed, with one copy to be submitted to the Department of Commerce, Supplies and Consumer Protection, and each party retaining one copy

Both the parties hereby agree as follows:

**1. Required Documents**

The Second Party shall submit:

- Copy of Citizenship Certificate (minimum age 18 years)
- Two passport-size photographs
- Permanent address
- Mobile number and email address
- Bank Details for commission disbursement
- PAN card for tax deductions

**2. Obligations of First Party**

The First Party shall:

- Provide training in accordance with Direct Selling Act 2074 and Rules 2076
- Ensure timely supply of products
- Maintain transparency in pricing and product details
- Provide incentives as per marketing plan
- Pay commissions and benefits based on sales
- Issue official identification

**3. Obligations of Second Party**

The Second Party shall:

- Act in compliance with laws and company policies
- Sell only approved products

- Provide accurate information to customers
- Avoid misleading practices
- Not collect payment without delivery
- Not appoint sub-agents without authorization
- Promote and sell products responsibly

**4. Legal Liability**

The Second Party shall:

- Be liable for unlawful acts
- Not misuse company name
- Not collect unauthorized payments
- Be subject to legal action for violations

**5. Return Policy**

Customers may return goods within **30 days** if dissatisfied with quality, price, or utility.

**6. Termination**

- Either party may terminate with **35 days' prior notice**
- Immediate termination in case of legal or contractual violations
- Non-payment shall result in termination

**7. Dispute Resolution**

- First through mutual discussion
- Then through Department mediation
- Final decision by competent authority

**8. Miscellaneous**

- Taxes shall be deducted as per law
- The Second Party acts as a representative of the Company
- This Agreement does not create employment
- Amendments must be in writing
- Applicable laws of Nepal shall govern

Signature

First Party: Nature Wellness Pvt. Ltd.

Second Party: ____________________

Date: __________

________________________________________